# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, फागुन २२ गते २०४६ साल( संख्या ४६

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३५ संख्या ४७ नेपाल राजपत्र भाग ३ मिति २०४२।११।२७ मा प्रकाशित यस मन्त्रालयको सूचनामा रहेको "कुल" शब्दको सट्टा "खुद" शब्द राखी संशोधन गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी निर्यातको लागि आर्थिक सेवा केन्द्रबाट भिसा लिन नपर्ने नेपालमा तयार पारिएका पोशाक वा वस्तुहरुको निकासीको लागि अनुमतिपत्र लिनु पर्ने गरी नियन्त्रण गरेको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

## भूलसुधार

खण्ड ३९ अतिरिक्ताङ्क ६१ मिति २०४६।११।१ को नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित शिक्षा (आठौं संशोधन) नियमावली, २०४६ को नियम ५ को पहिलो हरफमा रहेको "अनुमति" भन्ने शब्दपछि "लिई" भन्ने शब्द हुनु पर्नेमा "नलिई" भन्ने शब्द हुन गएको, नियम ४४ द्वारा मूल नियमावलीमा थप गरिएको नियम ४८ त को खण्ड (ख) को अन्तमा "र" भन्ने शब्द र प्रतिबन्धात्मक वाक्यांश नरहनु पर्ने रहेकोले सो झिकी भूलसुधार गरिएको छ ।

शिक्षा तथा संस्कृति मन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग